संघीय संसद

राष्ट्रिय सभा

सातौं अधिवेशन अवधिमा सभाबाट

सम्पादन गरिएका मुख्य-मुख्य काम कारवाहीको संक्षिप्त विवरण

संघीय संसद, राष्ट्रिय सभाको सातौं अधिवेशनको पहिलो बैठक मिति २०७७ साल पौष १७ गते शुक्रबार अपरान्ह ४:०० बजे प्रारम्भ भई २०७७ साल पौष २६ गते आइतबारसम्म जम्मा १० दिन चालू रह्यो ।यस अवधिमा बैठक बसेका ४ दिनहरूमा ४ वटा बैठक बसी **७ घण्टा ०५ मिनेट** सभाको काममा व्यतीत भयो ।

यस अधिवेशन अवधिमा सभामा देहाय बमोजिमका ७ वटा अध्यादेशहरू पेश भएः-

१. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७
२. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७
३. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७
४. सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७
५. औषधी (तेस्रो संशोधन) अध्यादेश, २०७७
६. यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७७
७. फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७७

यसै अधिवेशन अवधिमा सभामा उठेका एवं समसामयिक विषयमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले सभामा वक्तव्य दिनुभयो ।

त्यसैगरी यसै अधिवेशन अवधिमा सम्माननीय अध्यक्षबाट जारी भएको राष्ट्रिय सभाका समितिहरूको गठन सम्बन्धी आदेश, २०७७ सभामा पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन भएको थियो ।

यसै अधिवेशन अवधिमा सभाले माननीय बामदेव गौतमलाई राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गऱ्यो।

त्यसैगरी यसै अधिवेशन अवधिमा मधेशी आयोगको वार्षिक प्रतिवेदन २०७६/७७ र थारू आयोगको वार्षिक प्रतिवेदन २०७६/७७ सभा समक्ष पेश गरिए।

यसै अधिवेशन अवधिमा दिगो विकास तथा सुशासन समितिले "दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७६/०७७" र विधायन व्यवस्थापन समितिले "विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन २०७६/०७७" सभा समक्ष पेश गरेको थियो ।

यसै अधिवेशन अवधिमा प्रतिनिधि सभा सदस्यद्वय सानु सिवा र सूर्यबहादुर के.सी., राष्ट्रिय सभाका पूर्व सदस्यत्रय दिपक बहादुर गुरुङ, इन्द्रहाङ्ग लिम्बू र राममान श्रेष्ठ, संविधानसभा सदस्यद्वय भिमप्रसाद गौतम र मानपुर चौधरी र प्रतिनिधि सभाका पूर्व सदस्यद्वय ओमकारप्रसाद गौचन र बीरबहादुर लामा एवं २०६३/६४ को अन्तरिम व्यवस्थापिका-संसदका पूर्व सदस्य कमानसिं लामाको निधन भएकोमा शोक प्रस्तावहरू पारित गरिएका थिए।